Accountability Watch Committee (AWC)

जवाफदेहिता निगरानी समिति

**प्रेस विज्ञप्ति**

**राज्यको लापरवाहीबाट सर्लाहीको बरहथवामा घातक गोली प्रहारबाट २७ वर्षीय युवक जयशंकर साहको मृत्युको घटनाप्रति निगरानी समितिको भर्त्सना**

**२०८० पौष २२ गते**

यही पौष २० गते शुक्रवार अस्पतालको स्तरोन्नति सम्बन्धी विवादलाई लिएर शान्तिपूर्ण प्रदर्शनमा उत्रेका प्रदर्शनकारीमाथि प्रहरीले विना सावधानी घातक गोलीको प्रहार गर्दा सर्लाही बरहथवा-६ का २७ वर्षीय युवक जयशंकर साहको मृत्यु भएको घटनाप्रति जवाफदेहिता निगरानी समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

दक्षिण कोरियामा रोजगारीका अवसरका लागि फारम भर्ने माग राख्दा प्रहरी प्रशासनको लापरवाहीबाट दुई युवाको ज्यान गएको एक हप्ता नबित्दै सर्लाही बरहथवा-६ निवासी जयशंकर साहको प्रहरी दमन तथा अन्धाधुन्ध घातक गोली प्रहारका कारण टाउकोमा लागी मृत्यु भएको घटनाले नागरिकको बाँच्न पाउने अधिकार राज्यबाट नै हरण भएको स्थितिप्रति निगरानी समिति घोर निन्दा एवं भर्त्सना गर्दछ ।

यस घटनाले सरकारका तर्फबाट भीड नियन्त्रणमा अपनाउनुपर्ने उपाय, संयमता तथा सक्षमतामाथि पुनः गम्भीर प्रश्न उठेको छ । प्रहरी प्रशासनले शान्तिपूर्ण रूपमा उत्रिएका प्रदर्शनकारीमाथि बारम्बार यसरी घातक गोली प्रहार गर्नु अनुचित बल प्रयोग एवं गैरजिम्मेवारीपूर्ण कार्य भएको निगरानी समितिको ठहर छ ।

यस घटनामा संयुक्त राष्ट्रसंघबाट प्रतिपादित कानून कार्यान्वयन निकायको बल तथा हतियार प्रयोगका आधारभूत सिद्धान्त तथा नेपाल प्रहरीको निर्देशिका समेतको पालना नगरिएको स्पष्ट छ । सरकारको संवेदनहीन शैलीका कारण एक युवकको बाच्न पाउँने संवैधानिक हक खोसिनुका साथै शान्तिपूर्ण विरोध प्रदर्शन गर्ने एवं सम्बन्धित स्थानीय जनप्रतिनिधि समक्ष आफ्नो माग राख्न पाउने नागरिकका मौलिक हक र अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको पनि हनन हुन पुगेको यस अमानवीय घटनाप्रति निगरानी समिति खेद प्रकट गर्दछ ।

बालकुमारी घटनाको छानबिन भइरहेको अवस्थामा विगतमा पनि भएका यस प्रकारका घटनामा हालसम्म कुनै पनि दोषीमाथि कारवाही नभएको कटु यथार्थ हामीसामु रहेको छ । शान्तिपूर्ण प्रदर्शनमाथि भएको दमनबाट बारम्बार मानवीय क्षति हुनु दुःखद मात्र नभई राष्ट्रको लागि लज्जास्पद विषय पनि हो । यसर्थ बरहथवामा भएको यस दुःखद घटनामा निष्पक्ष एवं विश्वसनीय छानबिन गर्नुका साथै दोषीहरूमाथि कडाभन्दा कारवाही गर्न निगरानी समिति सरकारलाई आग्रह गर्दछ । नागरिकको ज्यान लिने यस्ता प्रकृतिका घटनाहरू नदोहोरिने गरी प्रहरी प्रशासनलाई जवाफदेही बनाउन र मृतक परिवारलाई न्यायोचित क्षतिपूर्ति दिलाउन एवं बरहथवाको अस्पताल स्तरोन्नतिको विवाद सुल्झाउन नेपाल सरकारका कार्यकारी प्रमुख प्रधानमन्त्री पुष्पकमल दाहाल समक्ष निगरानी समिति हार्दिक अपिल गर्दछ ।

**जवाफदेहिता निगरानी समितिका तर्फबाट**

चरण प्रसाई, संयोजक

सम्पर्क : विकास बस्नेत ९८५११९२०४०